समूह जे अर्जेन्टिनाको लागि सहज समुह

फिरोज राजोपाध्याय

अर्जेन्टिना

गत वर्ल्डकपमा फ्रान्सलाई हराएर वर्ल्ड च्याम्पियन बनेको अर्जेन्टिना सहज समुहमा परेको छ। लियोनेल मेसी फेरिएकपटक खेल्दैछन्। मेसीको नेतृत्वमा रहेको अर्जेन्टिनाले समुहमा खासै मेहनत गर्नु पर्ने देखिँदैन। समुहमा अल्जेरिया, अस्ट्रिया र जोर्डन जस्ता टिमहरू रहेका छन्। यी टिमहरूले अर्जेन्टिनालाई हराउन वा अंक जोड्ने हो भने धेरै नै मेहनत गर्नुपर्ने हुन्छ।

वर्ल्डकप यात्रा:
समुह चरण: १९५८, १९६२, १९८२, २००२
अन्तिम १६: १९९४, २०१८
क्वार्टरफाइनल: १९६६, १९७४, १९९८, २००६, २०१०
उपविजेता : १९३०, १९९०, २०१४
च्याम्पियन: १९७८, १९८६, २०२२

अस्ट्रिया

अस्ट्रिया झण्डै २८ वर्षपछि वर्ल्डकपमा खेल्दैछ। पछिल्लोपटक फ्रान्समा आयोजित १९९८ को वर्ल्डकपमा खेलेको अस्ट्रियाले यसपछि ६ वटा वर्ल्डकपमा छनोट हुन सकेको थिएन। १९९८ को वर्ल्डकपमा अस्ट्रियाको यात्रा समुह चरणसम्म मात्रै रहेको थियो। त्यसो त विगतमा अस्ट्रियाले तेस्रो स्थानसम्म पनि हासिल गरेको थियो। १९५४ को वर्ल्डकपमा अस्ट्रिया तेस्रो भएको थियो।

वर्ल्डकप यात्रा :
समुह चरण: १९५८, १९८२, १९९०, १९९८
क्वार्टरफाइनल: १९७८
चौथो स्थान:१९३४
तेस्रो स्थान: १९५४

अल्जेरिया

अल्जेरिया २०१४ पछि वर्ल्डकपमा खेल्दैछ। अल्जेरियाको यही एउटा वर्ल्डकपमा राम्रो प्रदर्शन भएको थियो। जबकी यसअघिका तीनै वर्ल्डकपमा अल्जेरिया समुह चरणबाटै बाहिरिएको थियो। तर, २०१४ मा राम्रो प्रदर्शन गरेपनि यसपछिका दुई वर्ल्डकपमा भने टिम छनोट हुन सकेन। अहिले समुहमा अर्जेन्टिना र अस्ट्रिया नै टिमको लागि कठिन प्रतिद्वन्द्वी हुनेछ। यी टिमहरूसँग अंक जोड्न सकेमा मात्रै अल्जेरियाको नकआउट चरणको यात्रा तय हुन सक्नेछ।

वर्ल्डकप यात्रा:
समुह चरण: १९८२, १९८६, २०१०
अन्तिम १६ : २०१४

जोर्डन

एसियन राष्ट्र जोर्डन पहिलोपटक वर्ल्डकपमा खेल्दैछ। पहिलो सहभागिता भएको हुँदा जोर्डनको लागि नतिजाको कुनै महत्व हुने छैन। सहभागिता नै ठूलो उपलब्धि भएको टिमका मेनेजरले पहिले नै बताइसकेको छन्। तर पनि टिमले वर्ल्डकप जस्तो स्टेजमा राम्रै प्रदर्शन गर्ने प्रतिबद्धता भने जनाएको छ।

असार ३ गते बिहान ६:४५ बजे
अर्जेन्टिना- अल्जेरिया
(एरोहेड स्टेडियम)

असार ३ गते बिहान ९:४५ बजे
अस्ट्रिया - जोर्डन
(लिभाइज स्टेडियम)

असार ८ गते राति १०:४५ बजे
अर्जेन्टिना - अस्ट्रिया
(एटिएन्डटी स्टेडियम)

असार ९ गते बिहान ८:४५ बजे
जोर्डन - अल्जेरिया
(लिभाइज स्टेडियम)

असार १४ गते बिहान ७:४५ बजे
अल्जेरिया - अस्ट्रिया
(एरोहेड स्टेडियम)

असार १४ गते बिहान ७:४५ बजे
जोर्डन - अर्जेन्टिना
(एटिएन्डटी स्टेडियम)

समूह जे

देश	खेल	जित	हार	बराबर	गोलअन्तर	अंक
अर्जेन्टिना	०	०	०	०	०	०
अल्जेरिया	०	०	०	०	०	०
अस्ट्रिया	०	०	०	०	०	०
जोर्डन	०	०	०	०	०	०

दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभाग, काठमाण्डौको सूचना
प्रकाशित मिति : २०८३/०२/३१ गते

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था AL-TAUQET OVERSEAS, NEPAL PVT. LTD. (ई.प.नं. २७९/०५८/५९) का संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०२/२९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

शेयर बिक्रेता शेयरधनीको नाम	शेयर खरिदकर्ता शेयरधनीको नाम
१. मणिराम श्रेष्ठ-१००,००० कित्ता	१. लाकिवा घले-१००,००० कित्ता

नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८३/०१/३० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी **अरुण ज्योती विद्यामन्दिर सेकेण्डरी स्कुल काठमाण्डौ प्रा.लि.** (प्रा.लि.नं. २९८३७) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/०६ गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हिमालयन वर्ल्ड स्कुल काठमाण्डौ प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नाम परिवर्तन सम्बन्धी सूचना

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. ९११०७/६८/६९ को साविक कञ्चनजङ्घा फार्म हाउस प्रा. लि. कम्पनीको नाम परिवर्तन भई अब उपरान्त नेचर एग्रो इण्डष्ट्रिज प्रा. लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भइसकेकोले सोह बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नेचर एग्रो इण्डष्ट्रिज प्रा. लि.
गौरादह नगरपालिका, वडा नं. ४
(साविक महारानीझोडा गा.वि.स. ७)
झापा, नेपाल

हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड
HULAS FINSERV HIRE PURCHASE LTD.
नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज सम्बन्धी कार्य गर्न इजाजतपत्र प्राप्त संस्था
रजिस्ट्रर्ड कार्यालय, त्रिपुरेश्वर -११, काठमाडौं
फोन नं. ०१-५९७००७५९

धितोमा रहेको चल सम्पत्ति (सवारी साधन) लिलाम बिक्री सम्बन्धि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको ३१ दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८३/०२ /३१

यस कम्पनीवाट तपसिलमा उल्लेखित ऋणीहरुले हायर पर्चेज कर्जा उपभोग गर्न कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा. ११, त्रिपुरेश्वर काठमाण्डौं वाट लिएको सवारी साधनको हायर पर्चेज कर्जाको समय समयमा तिर्नु बूझाउनु पर्ने साँवा, ब्याँज आदि नबूझाई कर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गरेको र पटक पटक लिखित एवं मौखिक ताकेता गर्दा समेत कर्जा चुक्ता गर्न नसकेकोले मिति २०८२/१२/२५ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना, मार्फत कर्जा किस्ता भुक्तानी गर्नुहुन अन्यथा कम्पनीले धनजमानी लिएको सम्पत्ति, मालवस्तु लिलामी वा अन्य उपयूक्त कानुनी उपायवाट रकम असुल उपर गरिलिने सम्बन्धि धितो जमानीमा लिएको लिलाम सम्बन्धि सूचना प्रकाशित गर्दा धितोमा रहेको चल सम्पत्ति लिलाम विक्रीको सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको ब्याँज चुक्ता भुक्तान गर्ने तर्फ तपसिलमा उल्लेखित ऋणीहरुले कुनै तत्परता नदेखाएको धितो सुरक्षणमा रहेको चल सम्पत्ति, सवारी साधन जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा यो सूचना प्रकाशन भएको २२ औं दिनमा तपसिलमा उल्लेखित स्थान र मितिमा लिलाम विकी गरिने हुँदा लिलाम शिलवन्दी बोलपत्र मार्फत ईच्छुक महानुभावहरुलाई पनि धितो सुरक्षण (Mortgage) मा रहेको सवारी साधनको हकमा यातायात व्यवस्था/सेवा कार्यालयले तोकि दिएको निर्देशन तथा अन्य प्रचलित नेपाल कानून बमोजिम लिलाम विक्री गरिने बारे यसै सूचना मार्फत जानकारी गराईएको छ । साथै सूरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्री गर्दा पनि कम्पनीको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित नेपाल कानुन अनुसार ऋणी, ऋणी कम्पनी, ऋणी कम्पनीका संचालकहरु, तथा व्यक्तिगत जमानीकर्ताहरुको चल अचल सम्पत्तिहरुवाट धितोले नखामेको कर्जा रकम असुल उपरका लागि उपयूक्त कानुनी उपचार मार्फत सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित पक्षसंग मागदावी गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

क्र. स.	ऋणी तथा जमानतकर्ताको नाम, थर र ठेगाना:	धितो लेखिदिएको धन सम्पत्ति (स.सा.) को विवरण तथा कर्जा शिर्षक:
१	नामः रेमन्त बहादुर खड्का ना.प्र.न. ६७२५७, जि.प्र.का. कैलाली, जारी मितिः २०६२/०९/०४ ठेगाना : कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा न. ०६ बाजेको नाम : मनिराज खड्का बाबुको नाम : कर्ण बहादुर खड्का जमानीकर्ताको विवरण: नामः दिपेन्द्र शाही ना.प्र.न. ६७—०६—७४—००१५५, जि.प्र.का. कैलाली, जारी मितिः २०७४/०१/११ ठेगाना : कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा न. ०६ बाजेको नाम : धवल बहादुर शाही बाबुको नाम : राम बहादुर शाही	Nissan Datsun Redigo च्यासिस नं. :MDHFBACDOH8804612 ईन्जिन नं.:E077847 न्यूनतम मूल्य : ५,५०,०००।- रंगः Red बनेको साल :२०१७ सवारी दर्ता नं. बा १९ च ४१९४ हायर पर्चेज कर्जा
२	नामः विरेन्द्र बहादुर बस्नेत ना.प्र.न. ६२१०१६/१४९, जि.प्र.का. जाजरकोट जारी मितिः २०६६/०४/२३ ठेगाना : जाजरकोट जिल्ला, बारेकोट गा.पा. वडा न. ०८ बाजेको नाम : मान बहादुर बस्नेत बाबुको नाम : काली बहादुर बस्नेत जमानीकर्ताको विवरण: नामः लिला थापा (बस्नेत) ना.प्र.न. ६२१०१६/५४३, जि.प्र.का. जाजरकोट, जारी मितिः २०६९/४/८ ठेगाना : जाजरकोट जिल्ला, बारेकोट गा.पा. वडा न. ०८ बाजेको नाम : धन बहादुर थापा बाबुको नाम :हरि बहादुर थापा	Mahindra Scorpio च्यासिस नं. :MA1TY4HSNE6B69192 ईन्जिन नं.: HSE4B22605 न्यूनतम मूल्य :१३,००,०००।- रंगः SILVER बनेको साल : २०१४ सवारी दर्ता नं. भे १ च ४८४५ हायर पर्चेज कर्जा

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित व्यक्तिका नामहरु ऋणीको परिचय खुलाउने प्रायोजनको लागि मात्र प्रयोग गरिएको लिलाम बिक्री सम्वन्धि अन्य शर्तवन्देजहरुः

१. बोलपत्र सम्वन्धि शर्तवन्देजहरु सहितको फाईल हुलास फिनसर्भ हायर पर्चेज लि. को रजिष्टर्ड कार्यालय, का.म.न.पा.वडा नं.११, त्रिपुरेश्वर, काठमाण्डौं तथा धनगढी उप.म.न.पा. वडा नं. १३, कैलाली, राजपुर कार्यालयबाट प्राप्त गर्न सकिनेछ, फोटोकपिलाई मान्यता दिईने छैन ।
२. प्राप्त बोलपत्रहरु कम्पनीले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्वन्धि जानकारी आवश्यक भएमा धनगढी उप.म.न.पा. वडा नं. १३, कैलाली, राजपुर अवस्थित कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नुहोला ।
४. सकार गरी लिन चाहेको सवारी साधन बोलपत्र पेशगर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२ वजे (सो दिन सार्वजनिक विदा परेमा विदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) शर्त नं. १ अनुसारको शाखा कार्यालयमा खोलिने हुँदा उक्त दिन ऋणी धनजमानीकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्वन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. उक्त सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
६. सकार गरी लिन चाहेको सवारी साधन के कति रकममा लिन चाहेको हो सोको अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । प्रति एकाई अधिकतम् मूल्य भूक्तानी कर्ता बोलपत्रलाई प्रथम मान्यता दिईनेछ ।
७. आफुले कबोल गरेको कुल रकमको ५ प्रतिशत हुन आउने धरौटी रकम वापत यस हुलास फिनसर्भ हायर पर्चेज लि.को नाममा एभरेष्ट बैंक, शाखा कार्यालय टेकु, काठमाण्डौंमा रहेको चल्ती खाता नं. ०१०००१०५२००४२६ मा जम्मा गरी नगद जम्मा गरेको भौचर समेत शिलवन्दी बोलपत्रका साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
८. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कम्पनीको कार्यालय खुलेको मध्यान्न १२:०० वजेसम्म बोलपत्र वूझाउन सकिनेछ ।
९. शिलवन्दी बोलपत्र कम्पनीले तोकेको सम्पर्क स्थानमा बोलपत्रदाता र निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।
१०. लिलाम सकार गर्ने व्यक्तिले कम्पनीवाट लिलाम स्वीकृत भएको सूचना प्राप्त गरेको ७ (सात) दिन भित्र बांकी रकम बूझाई उक्त सवारी साधन आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया सुरु गर्नुपर्नेछ वा करारनामा गरी भूक्तानी प्रक्रिया तय गरिसकेको हुनुपर्नेछ । शर्त अनुसार तोकिएको समय भित्र करारनामा गरी सवारी साधनहरुको नामसारी प्रक्रिया सुरु गर्नुपर्नेछ।
११. सवारी साधन नामसारी भईसके पश्चात साविकको भोगचलन कर्तावाट हकभोग छुटाई सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्वन्धित विक्रेताको हुनेछ सो कार्यमा खरिदकर्तालि आवश्यक सहयोग गर्नेछ ।
१२. प्रचलित कानुन बमोजिम लिलाम विक्री गर्दा कसैले नसकारेमा वा शिलबन्दी बोलपत्रमा तोकिएको न्यूनतम् रकम भन्दा कममा बोलपत्र पेश भएमा कम्पनीले प्रचलित ऐन, कानुन तथा आफ्नो नियम अनुसार उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।

बोलपत्र पेशगर्ने अन्तिम मितिः २०८३/३/२० गते, शनिवार ३:०० वजे सम्म ।
बोलपत्र खोलिने मितिः २०८३/३/२१ गते, आईतबार (सार्वजनिक विदा परेमा सोको भोली पल्ट) ।
समयः दिनको १२:०० वजे ।
स्थानः धनगढी उप.म.न.पा. वडा नं. १३, कैलाली, राजपुर अवस्थित कार्यालय ।

पुनश्चः उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै एकाईस दिने अतिरिक्त म्यादै भित्र शिघ्र कर्जा भूक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पूनः अनुरोध छ । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम विक्री गरी वा कम्पनी आफैंले सकार गर्दा समेत साविकमा कम्पनीवाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा कम्पनी आफैंले सकार गरि लिएमा पछि हाम्रो सम्पत्ति/धनमालको उचित मुल्य प्राप्त नभई कम मुल्यमा विक्री भयो वा कम्पनी आफैले सकार गरि लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुने छैन । उक्त सवारी साधन विक्री गर्दा वा पुनःमुल्यांकन गरि कम्पनी आफैंले सकार गर्दा समेत कम्पनीको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य चल श्रीसम्पत्तिवाट समेल असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।